विधायनको प्रकृति: नियमावली र प्रबन्धपत्र
दर्ता नम्बर: ३/०८२
दर्ता मिति: २०८२/०१/०८
(कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय)

नेपाल पारवहन तथा गोदाम व्यवस्था क. लि.
प्रधान कार्यालय
काठमाडौं
★ स्थापित २०२८ ★

श्री

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

को

## -नियमावली-

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी नेपाल सरकारको कम्पनी ऐन २०२१ को दफा १३७ (क) उप दफा १ अन्तर्गत स्थापना गरिएको छ । कम्पनीको श्रोत मा जाय जेथा अपर्याप्त भएता पनि यस कम्पनीले उठाएको ऋण तथा दायित्व व्यहोर्न पर्दा कम्पनीको शेयरवालाहरुले आफ्नो निजि सम्पती वा जायजेथाबाट तिर्नु पर्ने दायित्व भएको मानिने छैन ।

**परिभाषा :-**

१ यस नियमावलीमा देहायका शब्दहरुको परिभाषा देहाय बमोजिम हुने छ । तर नेपाल कानूनमा भएका कुनै शब्दको परिभाषा संग बाझिएमा सोहि कानून बमोजिमको अर्थ लाग्ने छ ।

(क) कम्पनी भन्नाले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ख) कार्यालय भन्नाले कम्पनीको दर्ता भएको कार्यालय सम्झनु पर्छ ।

(ग) समिति वा संचालक समिति भन्नाले नियमित रुपमा बोलाईएको र गठन भएको संचालकहरुको बैठकलाई सम्झनु पर्छ ।

(घ) संचालक भन्नाले वहाल रहेका संचालकहरु वा समितिको बैठकमा भाग लिईरहेको संचालकहरुलाई जनाउद छ ।

(ङ) सरोकार बिभाग भन्नाले नेपाल सरकारको वाणिज्य विभागलाई सम्झनु पर्छ ।

(च) डिभिडेण्ट शब्दले वोनस पनि जनाउदछ ।

(छ) प्रोक्सी शब्दले सम्वन्धित लिखित बमोजिम अख्तियार प्राप्त व्यक्तिलाई समेत जनाउँदछ ।

(ज) "रजिष्टर" भन्नाले कम्पनीको शेयरवालाहरुको नाम दर्ता भएको रजिष्टर किताव सम्झनु पर्छ ।

(झ) शेयर" भन्नाले तोकिएको मूल्यमा विभाजित भएका कम्पनीको मूल धनको एक भागलाई जनाउदछ ।

(ञ) शेयरवाला" भन्नाले कम्पनीको एक वा वढी शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ट) "ऐन" भन्नाले कम्पनी कानून र त्यसमा भएको संशोधन तथा उक्त ऐन अन्तर्गतको नियम र आदेशलाई समेत जनाउँदछ ।

(ठ) "कानून" भन्नाले जुनसुकै ऐन वा कानूनलाई जनाउदछ । तर उक्त शब्द भित्र कानून सरह मान्यता दिने नियम आदेश वा सुचना समेत पर्दछ ।

(ड) "लेखेर" वा लिखितमा" भन्नाले छापेर लिथो गरेर वा प्रतिलिपी झिकिएको वा अन्य कुनै तरिकाले देख्न सकिने गरि लेखिएका शब्दहरुलाई जनाउँदछ ।

(ढ) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा बाहेक कम्पनीको प्रवन्ध पत्रमा वा नियमावलीमा

*कम्पनीको मिति २०७४/०७/१५ गते बसेको ५ औं साधारण सभाबाट स्वीकृत भएकोले सोही मिति देखि यो नियमावली प्रारम्भ भएको ।*

उल्लेख भएका शव्दहरुको अर्थ नेपाल कानून व्याख्या सम्वन्धी ऐन २०1० मा भए बमोजिम गरिने छ ।

(ण) एक वचनले संशोधित बहुवचनलाई र बहुवचनले एक बचनलाई पनि जनाउँदछ ।

(त) पुलिङ्गमा सम्वोधितलाई स्त्रीलिङ्गलाई समेत गाभिएको जनाउदछ ।

२. यस कम्पनीको नाम :- नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड राखिएको छ ।

३. यस कम्पनीको प्रधान कार्यालय काठमाण्डौ उपत्यका भित्र रहनेछ ।

४. आयात तथा निर्यात व्यापारमा पारवहन सम्वन्धी सुविधाहरुमा वृद्धि र खर्चमा स्थिरता ल्याउने किसिमसंग आफ्नो कारोवार सन्चालन गर्दै आयात तथा निर्यात व्यापारमा सुविधा उपलव्ध गराई नेपालको अर्थ व्यवस्थाको विकासमा टेवा दिने यस कम्पनीको उद्देश्य रहेको छ ।

५. यो लिमिटेड कम्पनीको शेयरहरु खुला वजारमा बिक्रि या नामसारी हुन सक्ने छैन । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाहरुलाई मात्र यस कम्पनीको शेयर बिक्रि हुन सक्ने छ ।

६. यो लिमिटेड कम्पनी भएकोले शेयरवालाहरुको दायित्व सिमित रहने छ । कम्पनीको कारोवारमा घाटा परि कम्पनीले आफ्नो जायजेथाबाट सम्पुर्ण कर्जा तिर्न नसक्ने भएता पनि शेयरवालाहरुको नीजि जायजेथाबाट तिर्न पर्ने छैन ।

७. नियमावलीमा सहिछाप गर्ने व्यक्तिहरु कम्पनीका तत्कालीन शेयरवाला हुने छन् ।

८. नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक शेयर बाँडफाँट गर्ने काम संचालकहरुको स्विकृति बिना गर्न सकिने छैन ।

**पूँजी :-**

९. (क) कम्पनीको अधिकृत पूँजी एक करोड ५० लाख रुपैयाको हुनेछ र उक्त पूँजी रु. १०००/- को मुल्य भएको प्रत्येक शेयरको १५,०००/ शेयरहरुमा विभाजित गरिने छ ।

(ख) प्रत्येक शेयरको ७५००/७५०० शेयरहरुमा विभाजित गरिएको छ ।

१०. कम्पनीको शेयरवालाहरुको वार्षिक साधारण सभाले पास गरेपछि कम्पनीले सम्वन्धित विभागको स्विकृति लिई कम्पनी कानून को व्यवस्था बमोजिम आफ्नो शेयर पूँजीमा वृद्धि गर्ने विभाजित गर्न वा एकत्रित गर्न सक्ने छ ।

११. कम्पनीको शेयरहरु संचालक समितिको नियन्त्रणमा हुने छ र शेयरहरुको बिक्रि वितरण संचालक समितिको निर्णयानुसार हुने छ । तर जारी भएको शेयरको ५० प्रतिशत बिक्रि भइ पुरा भुक्तानी नभए सम्म शेयर वाडफाट गरिने छैन ।

१२. शेयर बाँडफाट गर्दा सम्वन्धित शेयरको मुल्यको ४० प्रतिशतको अग्रिम भुक्तानी नभएसम्म बाँडफाटको काम गरिने छैन ।

१३. शेयरको प्रमाण पत्रमा कम्पनीको छाप र कम्पनीका दुई जना संचालकहरुको सहि हुनुको साथै शेयरहरुको क्रमसंख्या, खरिद गरेको शेयरहरुको संख्या र भुक्तानी दिएको रकम उल्लेख भएको हुनु पर्दछ । उक्त कुरा दर्ता कितावमा उल्लेख भएको छ भने निस्साको निमित्त समितिले अख्तियार दिएको कर्मचारीको सहि समेत भएको हुनु पर्दछ ।

१४. आफ्नो नाममा दर्ता भएको सवै शेयरहरुको प्रत्येक शेयरवालाले एउटा मात्र प्रमाण पत्र पाउने छ । अथवा नीजले चाहेमा आफुले खरिद गरेको शेयरहरु विभाजित गरि दुई वा वढि प्रमाण पत्र लिन

पाउने छ । संयुक्त रुपमा शेयर लिएमा जुन व्यक्तिको नाम शेयर दर्ता कितावमा प्रथम उल्लेख भएको छ ,सोहि व्यक्तिलाई प्रमाण पत्र दिईने छ ।

१५. कुनै प्रमाण पत्र झुत्रो भएमा वा केहि कुरा मेटिएमा उक्त प्रमाण पत्र वदर गरि नयाँ प्रमाण पत्र लिन संचालक समितिमा पेश गर्न सक्ने छ ।

१६. कुनै प्रमाण पत्र हराएमा वा नास भएमा सन्चालक समितिलाई सन्तोष हुने किसिमको सवुद प्राप्त भएमा समितिले नेपाल राज्यका प्रमुख पत्र पत्रिकामा सुचना प्रकाशित गर्ने छ । उक्त सुचना प्रकाशित भएको ३५ दिन पछि उक्त प्रमाण पत्र बदर गरि नयाँ प्रमाण पत्र दिने आदेश गर्न सक्ने छ । यस नियम बमोजिम जारी हुने प्रमाण पत्रको सम्वन्धमा प्रत्येक प्रमाण पत्र वापत रु. ५ दस्तुर लिईने छ ।

१७. शेयरहरु एक वा वढि व्यक्तिहरुको संयुक्त नाममा वा कुनै लिमिटेड कम्पनी वा कुनै संगठित संस्थानको नाममा रजिष्टर हुन सक्ने छ ।

१८. शेयर खरिद गर्न दरखास्त साथ खरिद गरिने शेयरको मुल्यको १० प्रतिशत नघटाई पेश्की जम्मा हुनु पर्दछ । दर्खास्त स्विकृत भएको ६ महिना भित्र उक्त शेयरको मोलको सम्पुर्ण वाकी रकमको पुर्ण भुक्तानी संचालक समितिले तोके वमोजिम भई सक्नु पर्दछ ।

१९. कम्पनीको शेयर खरिद गर्न दर्खास्त वालाले आफुले खरिद गर्ने शेयरको मुल्यको दस प्रतिशत रकम निवेदन साथ जम्मा गर्नू पर्दछ । उक्त शेयरहरु वापतको बाँकी भुक्तानी कम्पनीले शेयर तोकेको र भुक्तानी मागेको सुचना प्राप्त भएपछि गर्नु पर्ने छ । तर त्यस्तो सुचना भुक्तानी दिन तोकिएको मिति भन्दा ३ हप्ता अघि दिईने छ । उक्त सुचनामा भुक्तानी दिनु पर्ने व्यक्तिको नाम र ठेगाना र भुक्तानी गर्ने ठाँउ समेत उल्लेख गरीने छ ।

२०. भुक्तानी हुन बाँकी भएको शेयर बिक्रि वितरण गर्ने अधिकार समितिको हुनेछ र त्यस्तो शेयर बिक्रि गर्दा सम्वन्धित शेयरवालाहरुलाई वा नीजहरुको प्रतिनिधिलाई उपयुक्त किसिमसंग कम्तीमा तीन हप्ताको पूर्व सुचना दिनु पर्ने छ । भुक्तानी नगरे वापत यस नियम बमोजिम शेयर जफत गर्ने कारवाही उक्त अवधी पछि सञ्चालक समितिले गर्न सक्ने छ ।

२१. जफत भएको शेयरहरु बिक्रि भइ आएको रकम शेयर वापत कम्पनीले लिनु पर्ने रकमको भुक्तानीमा असुल गरि वाँकी रहन आएको शेयरवाला वा नीजको हकवाला वा प्रतिनिधिलाई भुक्तानी दिइने छ ।

२२. शेयर जफत भएपछि उक्त शेयरको सम्वन्धमा वा सो वापत यस नियमावलीमा व्यवस्था भए बाहेक कम्पनीको विरुद्ध शेयरवालाको कुनै प्रकारको दावी गर्ने अधिकार रहने छैन ।

२३. यस नियमावली बमोजिम जफत भएको शेयरहरु रजिष्टरमा समेत खारेज जनाई राख्नु पर्ने छ । यसरी खारेज भएको संख्या जतिको नयाँ शेयरहरु खरिद गर्नेलाई दिईने छ र यस किसिमसंग नयाँ शेयर प्राप्त गर्ने व्यक्तिले आफुले खरिद गर्नु अघिको उक्त शेयर सम्वन्धि कुनै दायित्व बेहोर्नु पर्ने छैन ।

२४. कम्पनीले आफनो शेयर खरिद गर्न कसैको तर्फवाट धन जमानी दिने वा पेश्कि दिने गरी आफ्नो पुँजी खर्च गर्ने छैन ।

**शेयरको नामसारी :-**

२५. कुनै शेयर नामसारी गर्नुपर्दा नेपाल कम्पनी कानूनमा तोकिएको ढाँचामा नामसारी लिखित तयार गरि नामसारी गर्न गराउने दुवै व्यक्तिको मंजुरी भएको लिखित गरिसहि गराउनु पर्दछ । र साथै पत्यारकासाक्षीहरुको नाम र सहि पनि भएको हुनु पर्दछ । उक्त नामसारी कम्पनीमा रजिष्टर हुनु अगावै माथि उल्लेख भए बमोजिमको नामसारीको कागज पत्र सो सम्वन्धितको प्रमाण पत्र तथा ठेकिएको नामसारी दस्तुर कम्पनीको रजिष्टर्ड कार्यालयमा वुझाउनु पर्दछ ।

२६. समितिले नामसारीको दर्खास्त अस्विकृति गर्न सक्नेछ र त्यसको कारण दिन कम्पनी बाध्य हुने छैन । पुरा भुक्तानी नभएको शेयरमा कम्पनीले कुनै किसिमले अग्रिम अधिकार (लिखित) पाएको शेयरको सम्वन्धमा नामसारी गर्न समितिले अस्विकार गर्न सक्ने छ ।

२७. नामसारी सम्वन्धी जुनसुकै लिखित नामसारी हुने प्रमाण पत्र र नामसारी दस्तुर कम्पनीको रजिष्टर्ड अफिसमा पेश गर्नु पर्दछ । साथै नामसारी गरी दिने व्यक्तिको उक्त शेयरहरु सम्वन्धमा भएको अधिकार वा नामसारी गरी दिन सक्ने अधिकार सम्वन्धी प्रमाण पत्रहरु पनि पेश गर्नु पर्दछ ।

२८. संचालकहरुले नामसारी गर्न अस्विकृत गरेको अवस्थामा वाहेक नामसारी लिखित कम्पनीको रजिष्टर्ड अफिसमा राखिने छ । कुनै प्रमाण पत्र हराएमा वा नास भएमा पनि संचालकहरुको चित्त वुझेमा सो सम्वन्धि सवुद प्रमाण पेश नभएमा पनि नामसारी गरिदिन सक्नेछ ।

२९. समितिले प्रमुख पत्रपत्रिकाहरुमा १० दिनको पुर्व सुचना प्रकाशित गरि कम्पनीको हिसाव खाताहरुमा र रजिष्टर्ड किताव वर्षमा ४५ दिनमा नवढाई वन्द राख्न सक्नेछ । तर एक पटकमा ३ दिन भन्दा वढी अवधिको लागी त्यस्तो खाता वा किताव वन्द राख्न सकिने छैन ।

**ऋण उठाउने अधिकार :-**

३०. संचालकहरुले उचित ठानेमा नेपाल सरकारको पूर्व स्विकृति लिई समय समयमा आवश्यक भएको रकम कम्पनीको कारोवारको लागी संचालकहरुवाट बैक, व्यापारिक संस्था वा अन्य श्रोतहरुवाट जमानत दिई वा नदिई ऋण उठाउन सक्ने छ ।

३१. कम्पनीको सम्पतीमा असर पर्ने गरि बन्धक वा जिम्मा जमानी गर्नु परेमा संचालकहरुले रित पूर्वकको रजिष्टर कितावमा ऐन वमोजिम सोको विवरण लिखित रुपमा राख्न व्यवस्था गर्ने छ । उक्त कार्य ऐनमा भएको व्यवस्थाको पूरा पुरा पालन गर्नु पर्ने छ ।

**पूँजी घटाउने वा बढाउने :-**

३२. साधारण सभाले पास गरेपछि र नेपाल सरकारको स्विकृति प्राप्त भएमा कम्पनीले आफ्नो शेयर पुँजी बढाउन र शेयरहरुलाई वर्गिकरण गर्न सक्ने छ ।

३३. यस नियमावलीको दफा ३२ बमोजिम नया बिक्रि गरिने शेयरहरु कम्पनीको रजिष्टर भएको शेयरवालाहरुलाई निजहरुले पुरा भुक्तानी गरी सकेको शेयरको अनुपातमा खरिद गर्ने प्राथमिकता दिईनु पर्दछ । यसरी नया बिक्रि गरिने शेयरहरु खरिद गर्ने सुचना कम्तीमा २१ दिन अगावै सम्वन्धित शेयरवालाहरुलाई दिईने छ । उक्त २१ दिनको अवधी भित्र बिक्रि भै बाकी रहेका शेयर अन्य व्यक्तिहरुलाई बिक्रि गर्न सकिने छ ।

३४. कम्पनीले साधारण सभामा प्रस्ताव पास गराई देहाय वमोजिम तरिकाले शेयर पूँजी घटाउन सक्नेछ ।

(क) जारी नभएका शेयरहरु बदर गर्ने ।

(ख) शेयर होल्डरबाट शेयर फिर्ता दिन आएमा फिर्ता लिने ।

(ग) शेयरको निर्धारित मुल्यमा कमि गर्न ।

(घ) उपरोक्त तीन उपाय मध्ये संयुक्त रुपमा कुनै उपाय द्वारा ।

**<u>प्रारम्भिक तथा साधारण सभा :-</u>**

३५. कम्पनीको प्रारम्भिक सभा कम्पनी रजिष्टर्ड भएको वा कारोवार सुरु गरेको ६ महिना भित्र वा जारी भएको शेयरको आधा मुल्य असुल भएको २१ दिन भित्र वोलाईनु पर्दछ ।

३६. कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीको प्रारम्भिक सभा भएको मितिले १२ महिना भित्र बोलाईनु पर्दछ । र त्यस पछि प्रत्येक वर्षमा एक पटक उक्त सभा हुने छ । तर एक वार्षिक साधारण सभा र अर्को सभाको बीचमा १४ महिना भन्दा बढी अवधि व्यतित नभएको हुनु पर्दछ ।

३७. कम्पनीको साधारण सभा समितिले आवश्यक सम्झेको अवस्थामा १५ दिनको पूर्व सुचना दिई वा शेयरवालाहरुको कुल संख्याको १/४ सदस्यहरुले मांग गरेमा बोलाईने छ । र एक बार्षिक साधारण सभा बाहेक कम्पनीको अन्य सवै सभाहरुलाई असाधारण सभा मानिने छ ।

३८. साधारण सभा बोलाउदा सभा हुने मिति स्थान समय र छलफल हुने विषयको छोटकरी विवरण समेत खुलाई लिखित सुचना दिनु पर्दछ । वार्षिक साधारण सभा बोलाउदा कम्तीमा २१ दिनको पूर्व सुचना दिनु पर्दछ । र असाधारण सभाको निमित्त १५ दिनको पूर्व सूचना आवश्यक हुने छ ।

३९. शेयरवालाहरु र नीजहरुका प्रोक्सीहरुले साधारण सभामा आफ्नो शेयर संख्याको अनुपातमा मतदान दिन पाउने छन ।

४०. साधारण सभामा छलफल भएका विषयहरु सभामा उपस्थित भएका कुल शेयर संख्याको आधि भन्दा बढी मतले पारित हुन सक्नेछ तर त्यस्ता संख्या भुक्तानी भएको शेयर संख्याको १/२ भन्दा कम हुने छैन । यसरी पारित भएको प्रस्तावहरु सबै शेयरवालालाई मात्र बाध्य हुने छ ।

४१. कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्न शेयरवाला वा प्रोक्सी को उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ ।

४२. गणपुरक संख्या नपुगी पहिलो पटक सभा वस्न नसकेमा स्थान र समय तोकी कम्तीमा ७ दिनको पूर्व सूचना दिई सभा वोलाईने छ । यसरी गणपुरक संख्याको अभावमा स्थगित भएको सभा बस्दा कम्तिमा एक तिहाई शेयरवालाहरुको उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिने छ ।

४३. साधारण सभाको सभापतित्व समितिको सभापतिले गर्ने छ । नीजको अनुपस्थितिमा अन्य कुनै संचालकलाई सभापति छान्न सकिने छ । उक्त सभामा कुनै पनि संचालक उपस्थित नभएमा शेयरवालाहरुले दर्ता भएको कुनै पनि शेयरवालालाई सभापति छान्न सक्ने छ ।

४४. सभामा पारित हुने विषयहरुमा सदस्यहरुले हात उठाएर आफ्नो मतदान दिने छन् । तर यदि मतदानको निर्णयमा दुविधा भएमा वा शेयरवालाको कति संख्याको प्रतिनिधित्व भएको छ भन्ने कुरामा शंका भएमा लिखित रुपमा मतदान लिईने छ । मत बरावर हुन गएमा सभापतिले शेयरवालाको हैसियतमा आफ्नो साधारण मतको अलावा निर्णयात्मक मत दिन पाउने छ ।

४५. साधारण सभामा उपस्थित एक तिहाई वा वढी सदस्यहरुले मतदान लिखित रुपमा हुन पर्छ भन्ने माग गरेमा सोहि बमोजिम मतदान लिईने छ र त्यसको परिणाम सभाको निर्णय मानिने छ ।

४६. संयुक्त रुपमा लिएको शेयरको सम्वन्धमा जुन व्यक्तिको नाम सवै भन्दा पहिला दर्ता किताबमा लेखिएको हुन्छ । सो व्यक्ति वा नीजको प्रोक्सीले मात्र मतदानमा भाग लिन पाउने छ ।

४७. कुनै शेयरवालाले प्रोक्सी नियुक्ति गर्न चाहेमा नेपाल कम्पनी ऐन द्धारा तोकिएको फर्ममा लिखित रुपमा नियुक्ति गर्ने छ । उक्त नियुक्ति सम्वन्धि पत्र कम्पनीको कार्यालयमा सभा हुन भन्दा ४८ घण्टा अगावै दर्ता भै सकेको हुनु पर्दछ । अन्यथा सो नियुक्तीलाई मान्यता दिईने छैन ।

४८. कुनै सभामा प्रोक्सीले मतदान गरेको शेयरवालाको मृत्यु भएको वा नियुक्ति वदर भएको कारणले मात्र बदर हुने छैन । तर त्यस्तो मृत्यु भएको वा नियुक्ति वदर भएको सूचना कम्पनीको कार्यालयमा सभा हुनु भन्दा १२ घण्टा अगावै प्राप्त भएको रहेछ भने त्यसको प्रोक्सीको मतलाई मान्यता दिईने छैन ।

४९. कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा संचालकहरुको प्रतिवेदन लेखा परिक्षण भैसकेको हिसाव सम्वन्धी प्रतिवेदन अडिटरको प्रतिवेदन  प्रोक्सी नियुक्ति पत्र तथा रजिष्टर पेश गरिने छ । अडिटरको प्रतिवेदन सभामा पढेर सुनाईने छ र जुनसुकै शेयरवालाले निरिक्षण गर्न (हेर्न) पाउने गरि खुला राखिने छ ।

**सञ्चालक समिति :-**

५०. **संचालक समिति :-** यस कम्पनीको संचालक समितिमा वढीमा सात जान सदस्यहरु रहनेछन । सञ्चालक समिति सम्वन्धी व्यवस्था यस प्रकार हुनेछ :

५०(क) कम्पनी संचालक समितिको अध्यक्षको नियुक्ती नियमावलीको नियम ५२ वमोजिम नेपाल सरकारले गर्नेछ ।

५०(ख) कम्पनीमा अध्यक्ष सहित देहाय वमोजिमका सदस्यहरु रहने छन् :

- नेपाल सरकार वाणिज्य मन्त्रालयको कम्तीमा रा.प.द्धितीय श्रेणीको प्रतिनिधि - १
- नेपाल सरकार अर्थ मन्त्रालयको कम्तीमा रा.प.द्धितीय श्रेणीको प्रतिनिधि - १
- नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कम्तीमा रा.प.द्धितीय श्रेणीको प्रतिनिधि - १
- नेपाल समुन्द्रपार निकासी पैठारी संघको तर्फबाट  अध्यक्ष - १
- नेपाल सरकारबाट मनोनित विज्ञ - १
- महाप्रवन्धक -सदस्य सचिव

५०(ग). कम्पनीको महाप्रवन्धकको नियुक्ती यस नियमावली ५२(१) वमोजिम नेपाल सरकारले गर्नेछ ।

५१. नेपाल सरकारबाट मनोनित विज्ञ सदस्यको कार्य अवधि साधारणतया: ३ वर्षको रहने छ । नेपाल सरकारले चाहेमा उक्त तोकिएको अवधी समाप्त नहुदै निजलाई हटाउन सक्ने छ ।

**५२.** संचालक समितिको अध्यक्षको नियुक्ती नेपाल सरकारले गर्नेछ र निजको पदावधि नेपाल सरकारले तोके वमोजिम हुनेछ ।

**५२**(क) संचालक समितिको अध्यक्षको योग्यता देहाय वमोजिम हुनेछ :-

- मान्यता प्राप्त विश्व विद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा मानविकी तथा समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,
- नेपाल सरकार वा अन्य कुनै संघ संस्थामा कम्तीमा ५ वर्ष काम गरी अनुभव हासिल गरेको,

- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

५२(ख) महाप्रवन्धकको नियुक्ती नेपाल सरकारले गर्नेछ र निजको कार्य अवधि नेपाल सरकारले तोके वमोजिम हुनेछ ।

५२(१)(क) महाप्रवन्धकको योग्यता देहाय वमोजिम हुनेछ :

- मान्यता प्राप्त विश्व विद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा मानविकी तथा समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,
- नेपाल सरकार वा अन्य कुनै संघ संस्थामा कम्तीमा ५ वर्ष काम गरी अनुभव प्राप्त गरेको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

५३. कम्पनीको संचालक समिति, पदपूर्ति समिति तथा संचालक समितिबाट गठित अन्य उपसमितिहरुका सदस्यहरुलाई संचालक समितिले तोके वमोजिमको बैठक भत्ता उपलव्ध गराईनेछ । यस्तो भत्ता उपलव्ध गराउदा अन्य सार्वजनिक संस्थाहरुले उपलव्ध गराएको भत्ता र नेपाल सरकारबाट समय समयमा तोकिएको निर्देशिकालाई समेत आधार मानिनेछ । कम्पनीको रजिष्टर्ड केन्द्रीय कार्यालय रहेको स्थानभन्दा १५ माईल परिधि वाहिर कम्पनीको बैठक वा कार्यक्रममा भाग लिन जानु परेमा लाग्ने सम्पूर्ण खर्च कम्पनीबाट व्यहोरिनेछ ।

५४. संचालकहरुको कुल संख्याको ५०% (पचास प्रतिशत) सदस्यहरु उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिने छ ।

५५. समितिकिो सभाको सभापतित्व अध्यक्षले गर्ने छ । नीजको अनुपस्थितिमा संचालकहरुले आफु मध्ये एक जनालाई सभापति छान्ने छन ।

५६. संचालक समितिको बैठकमा एक जनासम्म आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सकिने छ । आमन्त्रित सदस्यलाई दिईने भत्ता अन्य संचालक सरह हुने छ ।

५७. समितिको निर्णय बहुमतद्धारा हुने छ । मत बराबर भएमा अध्यक्षले दोश्रो र निर्णयात्मक मत दिन पाउने छ ।

५८. समितिले संचालकहरु, शेयरवालाहरु वा कम्पनीका अधिकृतहरु व बाहिरका व्यक्तिहरु समेत सदस्यहरु रहन सक्ने गरी विशेष कामको लागी समिति तथा उप-समितिहरु गठन गर्न सक्ने छ । समितिले त्यस्तो उप-समितिलाई आफ्नो अधिकारहरु प्रत्यायोजन वा दिईएको अधिकार फिर्ता लिन सक्ने छ । यस किसिमसंग गठन भएको उप-समितिले प्रदान गरिएको अधिकार प्रयोग गर्ने सम्वन्धमा समितिबाट तोकिएको कार्यबिधि अपनाउने छ ।

५९. संचालक देहायको अवस्थामा आफ्नो पदमा बहाल रहेको मानिने छैन ।

(क) मगज बिग्रको भएमा ।

(ख) प्रोक्सी नियुक्ति भएको नियुक्ति पत्र फिर्ता लिएमा ।

(ग) आफ्नो पदको प्रभाव जनाई कम्पनीसंग व्यापार वा ठेक्काको काम गर्न आफै वा अन्य कुनै व्यक्तिसंग सांठगांठ गरि फाईदा लिने प्रयत्न गरेमा ।

(घ) चोरी किर्ते घुस वा अन्य जालसाजी गरेको अभियोगमा सजाय पाएमा ।

(ङ) समितिको लगातार तीन बैठकमा प्रयाप्त कारण नभई अनुपस्थित भएमा र

(च) अदालतबाट निजलाई टाट उल्टेको ठहराएमा ।

**समितिको अधिकारहरु :-**

६०. साधारणसभाबाट निर्णय हुने विषय बाहेक कम्पनीको कारोवार चलाउने वा रेखदेख गर्ने सम्पूर्ण जिम्मेवारी तथा अधिकार संचालक समितिको हुने छ ।

६१. समितिले कम्पनीको दैनिक कार्य संचालन गर्नका लागि प्रचलित नेपाल कानून बमोजिमको प्रकृया पुरा गरि आवश्यक कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

६२. यस नियमावलीको दफा ५२ बमोजिम नियुक्ति भएका अध्यक्षको पारिश्रमिक/सुविधा नेपाल सरकारले निर्धारित गरे बमोजिम हुने छ ।

६३. महा-प्रवन्धक र अन्य कर्मचारीहरुको पारिश्रमिक, भत्ता र अन्य सेवा शर्तहरु तोकिए बमोजिम हुने छ ।

६४. महा-प्रवन्धक र अन्य कर्मचारीहरुको कर्तव्य र अधिकार समितिले निर्धारित गरे बमोजिम हुने छ ।

६५. समितिलाई देहायका अधिकार प्राप्त हुने छ :-

(क) चल वा अचल सम्पती र कुनै सम्पतीको चलन गर्ने अधिकार समितिले उचित ठहराएको मुल्यमा र शर्तमा खरिद गर्न भाडामा लिने वा ठेक्कामा प्राप्त गर्ने ।

(ख) कम्पनीको चल वा अचल सम्पती र कुनै सम्पतीको चलन गर्ने बेच्ने, भाडा दिने वा अन्य तरिकाले हस्तान्तरण गर्ने ।

(ग) कम्पनीको सामान्य कारोवार सन्चालनको सिलसिलामा रुपैया भुक्तानी लिने र दिने वा अन्य तरिकाबाट क्षतिपूर्ति गरिदिने ।

(घ) जमानत दिई वा नदिई वा कम्पनीको सम्पती वा जायजेथाको ऋण उठाउने ।

(ङ) जमानत लिइ वा नलिई ऋण दिने भुक्तानी नभएको ऋणको जमानत बिक्रि गर्ने ।

(च) अन्य कम्पनीहरुमा लगानी गर्ने ।

(छ) कम्पनीको कारोवारको सम्वन्धमा कम्पनीको पूँजी वा तत्काल आवश्यक नभएको संचित रहेको धनलाई सेक्युरिटीको रुपमा लगानी गर्ने र त्यस्तो लगानीको रकम बढाउने घटाउने वा फिर्ता असुल गर्ने ।

(ज) कम्पनीको कारोवार संचालन गर्न निमित्त कम्पनीको नाममा बैंकमा खाता खोल्ने र बील अफ एक्सचेन्ज, प्रोमीसरी नोट, हुण्डी, चेक, ड्राफ्ट र अन्य लिखितहरु जारी गर्ने स्विकार गर्ने वा दरपिठ गर्ने ।

(झ) कम्पनीको मालसामान, सेवा वा अन्य दावी सम्वन्धमा प्राप्त हुने भुक्तानी भर्पाई दिने मिन्हा दिने वा अन्य प्रकारको छुट दिने ।

(ञ) कम्पनीको सम्पूर्ण वा आंशिक सम्पतीको आधारमा ठेक्का पट्टा वा सम्झौता गर्ने ।

(ट) कुनै शेयरवालाले आफ्नो सवै वा आंशिक शेयरहरु फिर्ता गर्न ल्याएमा सम्वन्धित दुवै पक्षले मन्जुर गरेको सर्तमा व्यवस्था मिलाउने ।

(ठ) कम्पनीको विरुद्ध वा कम्पनीको तर्फवाट भएको कुनै दावीलाई मध्यस्थको निर्णयको निमित्त पठाउने र नीजको निर्णय बमोजिम गर्ने ।

(ड) कम्पनीको तर्फबाट सम्पती वा अन्य काम कुराको सम्वन्धमा कुनै कानूनी कारवाहि दायर गर्ने सम्झौता गर्ने त्याग वा प्रतिरक्षा गर्ने ।

(ढ) कम्पनीको कारोबारको हितमा आवश्यक स्थानमा शाखा वा उपशाखाहरु खोल्ने वा परियोजना स्थापना गरि आवश्यक कर्मचारी व्यवस्थापन समेत गर्ने ।

(ण) कम्पनीको कुनै संचालक वा कार्यकारी अधिकारीलाई आवश्यक तथा उचित सम्झेजति जिम्मेवारी तथा अधिकार सुम्पने वा फिर्ता लिने ।

(त) कम्पनीको जायजेथाको जिम्मा लिने व्यक्ति वा व्यक्तिहरुको नियुक्ति गर्ने ।

(थ) कम्पनीको विशेष कामको लागी नेपाल राज्य भित्र वा वाहिर तोकिएको शर्त तथा अधिकार प्रयोग गर्न पाउने गरी एजेन्टहरुको नियुक्ति गर्ने ।

द) कम्पनीको कारोवार चलाउनका निमित्त तथा कम्पनीको अधिकारिहरु कर्मचारी सदस्य वा कार्यकारी अधिकृतको काम कर्तव्य सम्वन्धमा आवश्यक विनियम तथा नियमहरु बनाउन सम्बोधन गर्ने वा खारेज गर्ने ।

(ध) कम्पनीको नाममा वा कम्पनीको तर्फबाट कम्पनीको कुनै अरु उद्देश्यको निमित्त उपरोक्त कुनै काम कुराहरु गर्न वा अन्य कुनै काम गर्न ठेक्का पट्टा गर्ने वा त्यस्तो ठेक्का पट्टा संसोधन वा खारेज गर्ने र सो सिलसिलामा आवश्यक अन्य सवै किसिमको कारोवार गर्ने ।

(न) कम्पनीको कामको निमित्त संचालकहरुको कुनै व्यक्तिलाई वारिसनामा दिने ।

(प) कम्पनीको ऋणहरु असुल गर्ने वा भुक्तानी दिने तथा आवश्यकतानुसार त्यस्तो ऋणको भुक्तानी अवधी वढाउने ।

६६. संचालक समितिले प्रत्येक बैठक र उप-समितिको बैठकको कार्य विवरण माईन्युट बुकमा उतार्न लगाउने छ । यस्तो बैठक र कार्य विवरण अध्यक्ष र उपस्थित संचालकहरुको हस्ताक्षरबाट प्रमाणित गरि राखिने छ ।

६७. कम्पनीको छाप संचालक समितिको वा समितिले तोकिदिएको संचालकको जिम्मा सुरक्षित ढंगले राखिने छ । कम्पनीको छाप लगाउन पर्ने प्रत्येक कागजातमा संचालक समितिको कम्तिमा एक सदस्यको सहि भएको हुनु पर्दछ ।

६८. संचालक समितिको बैठक वर्षमा कम्तिमा ६ पटक बस्ने छ ।

६९. समितिले ऐन व्यवस्थाको अधिनमा रहि आफुमा भएको अधिकार, अख्तियार इत्यादि सवै वा आंशिक रुपमा कुनै एक संचालक वा अधिकृत वा कुनै फर्म तथा कम्पनी इत्यादिलाई सुम्पिन सक्ने छ ।

**<u>हिसावको खाता र अडिटिङ्ग :-</u>**

७०. सन्चालक समितिले कम्पनीको कारोवार र आर्थिक अवस्थाको सहि मूल्यांकन हुन सक्ने गरी नेपालीमा हिसाव किताव राख्न लगाउने छ । र उक्त हिसाव कितावको अंग्रेजी प्रति समेत तयार गर्न लगाउने छ ।

७१. कम्पनीको हिसाव किताव कम्पनीको रजिष्टर्ड अफिसमा राखिने छ र अफिस समयमा संचालकहरु र शेयरवालाहरुले निरिक्षण गर्न पाउने छन् ।

७२. वर्षमा कम्तीमा एक पटक कम्पनीको हिसाव किताबको जाँच एक भन्दा वढी अडिटरले गर्ने छ । त्यसरी जाँच गर्दा कम्पनीको व्यालेन्स सीट र नाफा नोक्सानीको हिसाव ठिक बेठिक एकिन गर्ने छ र उल्लेख भएको जाय जेथाहरु भए नभएको भिडाई हेर्ने छ ।

७३. कम्पनीको प्रथम अडिटर वा अडिटरहरु संचालक समितिले कम्पनीको प्रारम्भिक सभा हुनु भन्दा अगावै नियुक्त गर्ने छ । त्यस पछिका अडिटरको वा अडिटरहरुको नियुक्ति साधारण सभाले गर्ने छ ।

७४. कुनै अडिटरको ठाउ रिक्त हुन आएमा सम्वन्धित विभागको स्विकृति लिई अर्को साधारण सभा नवसेसम्मको अवधीभरलाई नयाँ अडिटरको नियुक्ति संचालक समितिले गर्न सक्नेछ ।

७५. अडिटरको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुने छ तर प्रारम्भिक सभा भन्दा अगावै नियुक्ति भएका वा खाली ठाँउमा नियुक्ति भएका अडिटरहरुको पारिश्रमिक संचालक समितिबाट निर्धारित हुने छ ।

**संचित ह्रास कट्टा कोष :-**

७६. कम्पनी ऐन र नेपाल कानूनको व्यवस्थाको अधिनमा रहि समितिले निर्णयानुसार रिजर्भ तथा डिप्रिसियसन कोष  खडा गर्न सक्ने छ ।

**मुनाफा :-**

७७. शेयरवालाहरुमा वितरण हुने लाभांसको रकम साधारण सभाले निर्धारित गरे बमोजिम हुने छ । तर त्यस्तो लाभांसको रकम समितिले सिफारिस गरेको रकम भन्दा बढी हुनु हुदैन ।

७८. लाभांस कम्पनीको मुनाफाको रकमबाट मात्र दिईने छ र वितरण नभएको लाभांसको सम्वन्धमा कुनै व्याज हुदैन ।

७९. कुनै नामसारी भएको शेयरको सम्वन्धमा नामसारी दर्ता हुनु अगावै साधारण सभाबाट सिफारिस भएको लाभांस, नामसारी गरिलिने व्यक्तिले पाउने छैन ।

८०. संयुक्त रुपमा लिएको शेयरको सम्वन्धमा कुनै एक सदस्यले लाभांस लिएको भर्पाई भएमा अन्य सदस्यहरुले सो लाभांस पाईसकेको भन्ने प्रमाणित भएको मानिने छ ।

८१. शेयरवालाहरुले पाउने लाभांस चेक, हुण्डी वा मनी अर्डरद्धारा नीजहरुको ठेगानामा हुलाकद्धारा पठाईने छ र संयुक्त रुपमा लिईएको शेयरको सम्वन्धमा त्यस्तो लाभांस रजिष्टरमा प्रथम नाम हुने सदस्यको नाम र ठेगानामा हुलाक द्धारा पठाईने छ ।

८२. ऐनले निर्धारित गरेको अवधी भित्र दावी नगरेको लाभांस समितिको निर्णयमा जफत हुन सक्नेछ ।

**<u>शेयरवालाहरुको रजिष्ट्रेशन :-</u>**

८३. प्रत्येक शेयरवालाले कम्पनीको रजिष्टर्ड अफिसमा आफ्ना ठिक र पुरा ठेगाना कम्पनीको दर्ता किताबमा जनाउन लगाई राख्नु पर्छ  कम्पनीको तर्फबाट दिईने सुचनाहरु व्यक्ति वा हुलाक द्धारा सोहि ठेगानामा पठाउने छ ।

८४. कुनै सूचना हुलाकद्धारा पठाईएकोमा शेयरवालाले उक्त सूचना हुलाकमा खसाले पछि नै प्राप्त भएकोछ भन्ने मानिने छ ।

८५. ठेगाना नभएको शेयरवालालाई दिईने सुचना कम्पनीको अफिस रहेको ठाँउको प्रमुख पत्र पत्रिकामा प्रकाशित भएको मितिमा सो सुचना प्राप्त गरेको मानिने छ ।

८६. कम्पनीको कुनै पनि संचालक, महा-प्रवन्धक, सचिव वा अन्य कुनै जुनसुकै कर्मचारीले आफ्नो पदको हैसियतमा कम्पनीको तर्फबाट काम गर्दा नीज उपर चलाईएको देवानी वा फौजदारी मुद्दामा निजले तिर्नुपर्ने क्षतिपुर्तिको रकम कम्पनीको कोषबाट व्यहोरिने छ ।

कम्पनीको साविकको शेयर संख्या, शेयर बांडफाँड र शेयर धनी निम्न वमोजिम रहेको छ ।

| सि.नं. | शेयरवालाको नाम | खरिद गरेको साधारण शेयरको संख्या | शेयरवालाको सहि | साक्षीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | नेपाल सरकार उधोग तथा वाणिज्य मन्त्रालय, त्रिपुरेश्वर । | ३७५० | गौतममान चिपालु उपसचिव | लिलाराज सत्याल टंगाल, ग्रैह्वीधारा प्रशासकीय अधिकृत नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय महालेखा नियन्त्रण कार्यालय ववरमहल, काठमाण्डौ । | ३७५० | चन्द्र वहादुर श्रेष्ठ उपमहालेखा नियन्त्रक | |
| | | ७५०० | | |

वाणिज्य विभागबाट

यस नियमावलीमा जेसुकै लेखिएको भए तापनि कम्पनी ऐनमा प्रतिकूल प्रभाव नपर्ने गरि कम्पनीको काम संचालन गर्न स्विकृति गरिएको छ ।

दस्तखत
बद्रीनाथ आचार्य
शाखा अधिकृत
२०३७/१०/३

श्री

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
को
**प्रवन्ध-पत्र**

१. कम्पनीको नाम :- नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

२. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ उपत्यका भित्र रहनेछ ।

३. **यस कम्पनीको देहायका उद्देश्य रहने छन ।**

(क) आयात/निर्यात व्यापारमा सुविधा उपलव्ध गराई नेपालको अर्थ व्यवस्थाको विकासमा टेवा दिने ।

(ख) आयात/निर्यात व्यापारमा पारवहन सम्वन्धि सुविधाहरुमा वृद्धि र खर्चमा स्थिरता ल्याउने किसिमसंग आफ्नो कारोवार संचालन गर्ने ।

(ग) सरकारी र गैर सरकारी जुनसुकै ग्राहकहरुलाई आवश्यक सुविधा तथा सेवा उपलव्ध गराउने ।

(घ) आधिकारीक निकायको स्विकृति र सहमतिले प्रचलित कानूनको अधिनमा रही आयात/निर्यात व्यापारको लागि सुविधाजनक गोदामघर CFS/ICD/ICP पूर्ण रुपमा वा आंशिक रुपमा संचालन गर्ने ।

(ङ) नेपालको सामान राख्ने गोदाम घर वा क्षेत्रबाट नेपालको लागी हुने वा नेपालबाट निर्यात हुने मालसामानको पारवहनमा सुविधा एवं सेवा उपलव्ध गराउने ।

(च) नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने सामानहरु जहाजबाट लोड अनलोड गर्ने गराउने सुविधा दिने ।

(छ) आयात निर्यात हुने मालसामानलाई नेपाल राज्यबाट वा नेपाल राज्य भित्र निर्दिष्ट ठाउमा पुऱ्याउन निमित्त मालसामान जाच्ने, लगत भिडाउने र भरपाई दिने कार्यहरु गर्ने ।

(ज) नेपालको निमित्त आयात हुने तथा नेपालबाट निर्यात हुने मालसामानहरुको क्लियरिङ्ग तथा फरवाडिङ्ग सेवा उपलव्ध गराउने ।

(झ) विभिन्न निर्दिष्ट स्थानको निमित्त प्राप्त ठुलो कन्साईन्मेन्टको धेरै परिमाणका सामानहरु स-साना कन्साईन्मेन्टमा विभाजन गर्ने ।

(ञ) स-साना कन्साईन्मेन्टहरुको सामान एकत्रित गर्ने ।

(ट) नेपालको निर्दिष्ट स्थानको लागी आयात भएको तथा नेपालबाट निर्यात हुने सामानहरुको परिवहन क्रममा पर्ने लोडिङ, भंसार, जचाउने, छाप लगाउने आदि कामको रेखदेख गर्ने गराउने ।

(ठ) रेल्वे, वैगन, ट्रक तथा कन्टेनरहरुमा ताल्चा लगाउने लोड गराउने सिल लगाउने ।

(ड) नेपाली आयात निर्यातकर्ताहरुको निमित्त विभिन्न मालसामान ढुवानी गर्न जहाजमा ठाँउ उपलव्ध गराउन मध्यस्थ भै काम गर्ने ।

(ढ) आयात वा निर्यात हुने मालसामानहरुवारे सम्वन्धीत अधिकारीहरुसंग सवै औपचारिक कारवाहि गर्ने ।

(ण) मालसामानहरु (कार्गोज र सिपमेण्ट) को बीमा सम्वन्धि व्यवस्था गर्ने ।

---

***कम्पनीको मिति २०७४/०७/१५ गते बसेको ५ औं साधारण सभाबाट स्वीकृत भएकोले सोही मिति देखि यो प्रवन्ध पत्र प्रारम्भ भएको ।***

(त) नेपाली आयात निर्यातकर्ताहरुलाई प्राप्त वन्दरगाह तथा पारवहन सेवा किफायतीलो ढंगबाट वृद्धि गर्ने, कार्यविधि तथा व्यवस्था सम्वन्धित अनुसन्धान गर्ने र सिफारिस गर्ने ।

(थ) कम्पनीको लागी आवश्यक घर, जग्गा, भवन, फर्म, पानी तथा बाटो सम्वन्धि अधिकार अन्य कारोवार, सहुलियत, विषेश अधिकार, उत्तराधिकार र कुनै मेसिनरी कारखाना, भाडावर्तन, ट्रेडमार्क र अन्य जुनसुकै प्रकारको चल वा अचल सम्पती सम्पूर्ण रुपमा वा कुनै सर्तमा आफै वा संयुक्त रुपमा सहुलियत, अनुदान खरिद एकिकरण, सट्टापट्टा, भाडामा वा लाईसेन्समा वा जुनसुकै तरिकाले प्राप्त गर्ने ।

(द) कम्पनीलाई आवश्यक रेल्वे, व्हार्फस, पाएर्स, डक, पानी जहाज, लाईसेन्स लन्चेज, डुंगा र सवै किसिमका भेसलसहरु, रेल्वे इन्जिनहरु, रेलका डिव्वा र अन्य गुड्ने साधन (रौलिंग स्टक) ट्रक , लहरी, टैक्टर, कन्टेनर, ट्रेलर, लोड अनलोड गर्नमा प्रयोग हुने कलहरु क्रेनस र डेरिक्सहरु खरिद गर्ने निर्माण गर्ने, वनाउने मर्मत गर्ने भाडामा लिने वा अन्य जुनसुकै तरिकाले प्राप्त गर्ने प्रयोगमा ल्याउने वा बिक्रि गर्ने वा अन्य तरिकाबाट नामसारी गर्ने व्यवस्था गर्ने ।

(ध) कम्पनीको कार्यक्षेत्र भित्रको कारोवार गर्ने वा गरिरहेका वा अधिकार प्राप्त भएका वा अन्य व्यक्ति वा व्यक्तीहरु वा कम्पनीसंग साझेदार वा अन्य प्रकारले सम्मिलित भई नाफामा भाग लिने वा नाफालाई संकलन गर्ने कुनै संयुक्त कारोवार वा आपसि सहुलियत वा सहयोगद्धारा आफ्नो कारोवार चलाउने वा कम्पनीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभ हुने जुनसुकै काम तथा कारोवार गर्ने ।

(न) कम्पनीको उद्देश्य पुर्तिमा सहायक हुने हक, सहुलियत तथा सुविधा प्राप्त गर्न सरकारी नगर पालिका, स्थानीय निकाय वा अन्य अधिकारीहरुसंग आवश्यक व्यवस्था गर्ने र त्यस्तो हक इत्यादिको संचालन, प्रचलन तथा पालन गर्ने ।

(प) कम्पनीको उद्देश्य अनुरुप काम गर्न नेपाल राज्य वाहिर जुनसुकै देश वा स्थानमा कम्पनीलाई मान्यता प्राप्त गराउन, रजिष्टर गराउन इन्कर्पोरेट गराउन र शाखा खोल्न आवश्यक व्यवस्था गरी त्यस्तो प्रत्येक ठाउमा कारोवार सम्वन्धि छुट्टै अभिलेख राख्ने ।

(फ) कम्पनीको कारोबार वृद्धि गर्न अन्य कुनै कम्पनीसंग छुट्टै संयुक्त उपक्रम (Joint Venture) कम्पनी स्थापना गरि कारोबार गर्ने,

(ब) नेपाल राज्य भित्र वा बाहिर कम्पनीको नाममा कुनैपनि बैक वा बैक सम्वन्धि कारोवार गर्न खाता खोल्न र सन्चालन गर्ने र चेक, ड्राफ्ट हुण्डि वील अफ लेन्डिङ वारेण्टस, बील अफ एक्सचेन्ज, प्रिमिसरी नोट वा अन्य लेनदेन सम्वन्धि वा नामसारी हुन सक्ने लिखितहरु वा सिक्योरिटीहरु जारी गर्ने, दरपिट गर्ने वा भुक्तानी दिने वा अन्य तरिकाबाट प्रचलन (नेगोसियट) गराउने ।

(ब१) अन्य व्यक्ति तथा कम्पनीहरु वा सरकारी निकायहरुसंग सम्झौता गरि आवश्यक कारोवार गर्ने,

(भ) उपरोक्त सबै वा केहि कार्यहरु गर्न वा कम्पनीको उद्देश्य बमोजिम कम्पनीलाई हित हुने कार्य गर्ने वा त्यस्ता कार्यहरुको सम्वन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न प्रिन्सिपल, एजेन्ट ठेकेदार र ट्रष्टि वा यस्तै अन्य त्यस्तै हैसियतले कार्य गर्ने वा त्यस्तो कार्य ट्रष्टी एजेन्ट मार्फत वा अन्य उपायद्धारा सम्मिलित भई वा संयुक्त रुपमा गर्ने गराउने ।

**स्पष्टिकरण :-** यस दफाको प्रयोजनको लागी “कम्पनी” शव्दले यस कम्पनी बाहेक यस कम्पनीसंग सम्वन्ध भएको अन्य संगठित भएको वा नभएको जुनसुकै संघ, संस्था वा संस्थानलाई

समेत जनाउनेछ  र प्रवन्धपत्रमा उल्लेखित प्रावधानको प्रसंगलाई कम्पनीको कारोवारमा बाधा पुऱ्याउने गरी अर्थ लगाउने, व्याख्या गर्ने वा कार्यान्वयन गरिने छैन ।

४. कम्पनीको शेयर वालाहरुको दायित्व नीजिरुपमा नभई नीजहरुले कम्पनीको खरिद गरेको शेयर जतिको मात्रामा सिमित रहने छ ।

५. कम्पनीको अधिकृत पूंजी एक करोड पचास लाख रुपैयाको हुने छ र रु. १,०००/- को मूल्य भएको १५,०००/- (पन्ध्र हजार) शेयरमा विभाजित हुने छ । जस मध्ये हाल रु. १,०००/- को ७५००/७५०० साधारण शेयरहरु कायम गरिएको छ ।

कम्पनीको साविकको शेयर संख्या,  शेयर बांडफाँड र शेयर धनी निम्न वमोजिम रहेको छ ।

| सि. नं. | शेयरवालाको नाम | खरिद गरेको साधारण शेयरको संख्या | शेयरवालाको सहि | साक्षीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | नेपाल सरकार उ. वा. मन्त्रालय त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल । | ३७५० | गौतममान चिपालु उपसचिव | लिलाराज सत्याल टंगाल, ग्रैह्नीधारा प्रशासकीय अधिकृत नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय महालेखा नियन्त्रण कार्यालय ववरमहल, काठमाण्डौ नेपाल । | ३७५० | चन्द्र वहादुर श्रेष्ठ उपमहालेखा नियन्त्रक | |
| | | ७५०० | | |

वणिज्य विभागबाट

यस प्रवन्धपत्रमा जेसुकै लेखिएको भए तापनि कार्यान्वयन गर्दा प्रचलित कम्पनी ऐन वमोजिम मात्र हुने गरि स्विकृत लिन पर्नेमा नेपाल सरकारको पूर्व स्विकृति लिएर मात्र काम गर्न पाउने गरि यो कम्पनी दर्ता गरिएको छ ।

दस्तखत
बद्रीनाथ आचार्य
२०३७/१०/३